# स्थानीय राजपत्र

## जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :१०		संख्या :१		मिति २०८३/०१/३०


# भाग-२

## कृषि एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन कार्यविधि,२०८३

**प्रस्तावना :** कृषकहरुले उत्पादित नासवान कृषि उपजहरु बजार सम्म तथा सम्वन्धित स्थल सम्म पुर्याउन कठिन तथा ढिला हुन नदिन र कृषकलाई हुने नोक्सानीवाट जोगाउन तथा कृषि उपजको उत्पादन उपरान्तको क्षति न्यूनीकरण गरी उपभोक्ता सम्म गुणस्तरीय उत्पादन पुर्याउनको लागि सर्बसुलभ तरिकाले कृषि एम्बुलेन्स संचालन गर्ने सन्दर्भमा कार्यविधि ब्यवस्था गर्न वान्छनीय भएकोले जानकी गाउँपालिकाले "जानकी गाउँपालिकाको कृषि एम्बुलेन्स सेवा संचालन तथा ब्यवस्थापन  कार्यविधि, २०८३" तयार गरी जारी गरेको छ ।

## परिच्छेद - १

**संक्षिप्त नाम प्रारमभः** (१) यस कार्यबिधिको नाम “कृषि एम्बुलेन्स सेवा संचालन तथा ब्यबस्थापन कार्यबिधि, २०८३” रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्तै प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) **"अध्यक्ष"** भन्नाले जानकी गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले जानकी गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) **"गाउँपालिका"** भन्नाले जानकी गाउँपालिका सम्झनुपर्छ ।

(च) **"विषयगत समिति"** भन्नाले जानकी गाउँकार्यपालिकाको कार्यसम्पादन नियमावली, २०७४ को नियम १५ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(छ) **"लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिम संचालित कृषि एम्बुलेन्स कृषि उपज ढुवानीका लागि प्रयोगकर्ता कृषि उद्यमी/कम्पनी/कृषक समूह/कृषि फर्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था सम्झनुपर्छ ।

(ज) **"कम्पनी"** भन्नाले कृषि/पशुपन्छी ब्यवसाय गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका प्राईभेट वा पब्लिक कम्पनीलाई सम्झनुपर्छ ।

(झ) **"कृषि तथा पशुपन्छी उपज"** भन्नाले कृषकले नेपालमा उत्पादन गरेको बस्तु तथा त्यसरी उत्पादित बस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलावाली, पुष्प, पशुपन्छी, माछा, मासु, दुध, हाड, छाला, ऊन, च्याउ, मौरी, रेशम, चिया, कफी, कोसेवाली, तेलहन, दलहन, नगदेवाली तथा कृषिका सवै क्षेत्रगत उत्पादन सम्झनुपर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषि जन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँछ ।

(ञ) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका ब्यक्तिहरु मिलेर सामूहिक विधिद्धारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारीक निकायमा दर्ता भएको संस्थालाई सम्झनुपर्छ ।

(ट) **"पशु"** भन्नाले घरपालुवा पशु, पन्छी र जलचर प्राणी समेतलाई सम्झनुपर्छ ।

(ठ) **"फर्म"** भन्नाले प्रचालित कानून अनुसार सम्वन्धित निकायमा दर्ता भएको निजी ब्यावसायी/उद्यमीको संस्थालाई सम्झनुपर्छ ।

(ड) **"सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्वन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनुपर्छ र सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउदेश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ ।

(ढ) **"कृषि उत्पादन"** भन्नाले उत्पादकले उत्पादन वा संकलन गरेको बाली, बागवानी, च्याउ, मौरी, रेशम, पशुआहारा, पशुपंछी, मत्स्य, खेती गरिएको गैरकाष्ठ वन पैदावार, जडिबुटी र सो संग सम्वन्धित अप्रसोधित, अर्धप्रसोधित, प्रसोधित उपज, वस्तु, पदार्थ, वीउ र नश्ललाई सम्झनुपर्छ ।

(ण) **"कृषि बजार"** भन्नाले कृषि तथा पशुजन्य उत्पादन सामग्री, सोको संकलन, स्तरिकरण, भण्डारण, प्रारम्भिक प्रशोधन तथा सेवा विक्री वितरण गर्न स्थापित हाटवजार, थोकवजार, खुद्रावजार, संकलन केन्द्र, अनलाईन बजार तथा कृषि उपज तथा वस्तु विशेषका वजारहरु सम्झनुपर्छ ।

(त) "**कृषि सामग्री"** भन्नाले कृषि तथा पशुजन्य उपज उत्पादनका लागि आवश्यक हुने श्रोत, साधन वा उपकरण सम्झनु पर्दछ र सो शब्दले कृषि उत्पादनका लागी आवश्यक पर्ने वीउ, बेर्ना, नश्ल, वीज, सिमेन, भ्रुण, हार्मोन, रासायनिक तथा प्राङ्गारिक मल, दाना, औषधि, विषादि, रसायन, जैविक, पोषण सामग्री, पशुपंछीको आहारा, सेवा तथा भौतिक संरचना समेत लाई सम्झनुपर्छ ।

(थ) **"कृषि"** भन्नाले खाद्यान्न वाली, दलहन वाली, फलफूल च्याउ, मौरी, रेशम, पशुआहारा, पशुपंछी तथा मत्स्यजन्य उपज, वस्तु, पदार्थ उत्पादन, उद्योग एवम् ब्यवसाय लगायतका समग्र प्राणालीलाई जनाउदछ । सो शब्दले वीउ तथा नश्ल उत्पादन, खेती गरिएको गैहृकाष्ठ वन पैदावार र जडीबुटी समेत लाई सम्झनुपर्छ ।

**३. उदेश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेकोछ ।

(क) छिटो नासवान हुने कृषि उपज, माछा तथा पशुपन्छिजन्य उत्पादनहरुको छिटो, छरितो हुने गरी ढुवानी ब्यबस्था गर्ने।

(ख) कृषकहरुको उत्पादित कृषि उपजहरुको बजार तथा प्रशोधन स्थल सम्म पुर्याउदा हुने नोक्सानीवाट जोगाउने र थप आम्दानीमा बृद्धी गर्ने ।

(ग) कृषक उपजको उत्पादनोपरान्त क्षति न्यूनीकरण गरी उपभोक्ता सम्म गुणस्तरीय उत्पादन पुर्याउने ।

(घ) कृषकहरुलाई सस्तो भाडा दरमा सहज, सुलभ तरिकाले कृषि उपज ढुवानी ब्यवस्था मिलाउने ।

**४. अपेक्षित प्रतिफल :**

(क) कृषकको उत्पादन थलोमा बिबिध कारणले ढुवानी हुन नसकेको कृषि उपज बजारीकरणमा सहज भइ उपरान्तको क्षति न्यूनीकरण हुने ।

(ख) उपभोक्ता माझ गुणस्तरीय कृषि तथा पशुपन्छीजन्य उपजहरु पुग्ने ।

(ग) उपरान्तको क्षति कम भई उत्पादक तथा उपभोक्ता लाभान्वित हुने ।

(घ) कृषकहरुले उत्पादन गरेको उपजहरुको उचित मूल्य प्राप्त गर्नेछन ।

## परिच्छेद — २

## कार्यक्रम संचालन विधि

**५.** कृषि तथा पशुजन्य उपजहरुको ढुवानीका लागि जानकी गाउँपालिका क्षेत्र भित्र उत्पादीत उपजहरुको मात्र ढुवानी सेवा उपलब्ध गराईने छ ।

६. कृषि एम्बुलेन्स संचालन मापदण्ड देहायअनुसार हुनेछ :

(१) कृषि उद्यमि/कृषक समूह/ कृषि सहकारी/कम्पनी/फर्म नेपाल सरकारको प्रचलित नियमानुसार दर्ता भएको

(२) कृषि एम्बुलेन्स प्रयोग कर्ताले अनुसूची-१ बमोजिमको निवेदन साथ देहाय बमोजिम कागजातहरु पेश गर्नु पर्ने छ ।

(३) माग निवेदनको साथ कृषक समूह वा कृषि सहकारी संस्था वा कृषि फर्महरुको हकमा प्रचलित ऐन बमोजिम सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,

(४) स्थाई लेखा नम्वरको प्रमाणपत्रको प्रतिलिपि,

(५) समूह वा सहकारीको कार्य समितिको बैठकले कृषि एम्वुलेन्स प्रयोगका लागि माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि,

(६) कृषि एम्बुलेन्स प्रयोगको लागि आवेदन वा निजको अनुसूची-५ बमोजिमको द्धिपक्षीय सम्झौता गर्नुपर्नेछ ।

(७) आवेदनहरु गाउँपालिकाको कार्यालयमा उपस्थित हुन नसकेमा ईमेल मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

(८) कृषि उपज लोड अनलोड सम्पूर्ण कार्य कृषक समूह कृषि फर्म ,सहकारी कृषि , तथा कृषि उद्यमी स्वयमले गर्नुपर्नेछ ।

(९) कृषि एम्बुलेन्स प्रयोगका लागि आवेदकहरुले सात (७) दिन अगाडी नै कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ ।

(१०) कृषि एम्वुलेन्स प्रयोग कर्ताले कार्यालयबाट स्वीकृतनामा पत्र प्राप्त पश्चात अनुसूची-२ अनुसार लाग्ने राजश्व बुझाएर कृषि एम्बुलेन्स कृषि उपज ढुवानीका लागि प्रयोगका लागि अनुमति दिईनेछ ।

परिच्छेद — ३

**७.कृषि एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालक समितिको गठन -**

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | आर्थिक विकास समिति संयोजक | सदस्य |
| (घ) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) | पशु सेवा शाखा प्रमुख | सदस्य |
| (च) | राजश्व इकाई प्रमुख | सदस्य |
| (छ) | कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**८. कृषि एम्बुलेन्स सेवा सन्चालन तथा ब्यबस्थापन समितिको - काम, कर्तव्य र अधिकार**

(क) एम्बुलेन्स सेवा सन्चालनमा आइ पर्ने समस्या तथा बिबाद सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

(ख) कृषि एम्बुलेन्स मर्मत सम्भारमा आवश्यक रेखदेख र निगरानी गर्ने ।

(ग) कार्यबिधि संसोधन सम्बन्धमा गाउँकार्यपालिका लाई सिफारिस गर्ने ।

(घ) कृषि एम्वुलेन्स संचालनका क्रममा भएको आम्दानी तथा खर्च विवरण विल भरपाईका साथमा प्रगति प्रतिवेदन पेश गर्ने ।

(ङ) चालकको दैनिक हाजिरी रेकर्ड, निरीक्षण तथा स्वीकृत गर्ने ।

(च) दैनिक, हप्ता, मासिक ढुवानी तथा सवारी चलाउने कार्ययोजना बनाउन लगाई स्वीकृत गर्ने ।

(छ) कृषि एम्बुलेन्सको लगबुक रेकर्ड चुस्त दुरुस्त राख्न लगाउने ।

(ज) दैनिक रुपमा ढुवानी साधनको सरसफाई गरी सफा राख्ने र राख्न लगाउने ।

(झ) कृषि एम्बुलेन्स काममा नभएको अवस्थामा पार्किङ्ग स्थलमा सुरक्षित राख्ने ब्यवस्था गर्ने ।

(ञ) कृषि एम्बुलेन्सको ब्लू बुक, नविकरण, विमा र सरकारी करहरु नियमितरुपमा तिर्ने ब्यवस्था मिलाउने ।

(ट) कृषि एम्बुलेन्स संचालनका लागि सम्पर्क ब्यक्ति रा.प. अनंकित पाँचौ/अधिकृतस्तर छैंठौ (पशु सेवा शाखा/कृषि विकास शाखा) को ब्यवस्था गर्ने ।

**९. चालक कर्मचारीको काम तथा कर्तब्य** : यस कानुन बमोजिम स्थापना भै संचालनमा रहेको एम्बुलेन्सको सवारी चालकले देहाय बमोजिम शर्तहरुको अधिनमा रहि काम गर्नुपर्ने छ ।

(क) चालकले ईमान्दार, असल चरित्रका साथ पूर्ण जिम्मेवार भई समितिले खटाएको कार्यमा कृषि एम्वुलेन्स चलाउने वा सो बमोजिम आदेश निर्देशनको पूर्ण पालना गर्ने ।

(ख) संचालक समिति प्रति उत्तरदायी भई दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग) कृषि एम्बुलेन्सको मर्मत सम्भार र दैनिक कृयाकलापमा भए गरेका प्रमाणित फोटो तथा खर्चको बिल भौचर दूरुस्त पेश गर्ने । अन्यथा आर्थिक बेइमानी वा दुरुपयोग गरेको खण्डमा कर्मचारी नियमावली अनुसार कार्वाही गरिनेछ ।

(घ) सवारी चालकले मादक पदार्थ सेवन गरी कृषि एम्बुलेन्स चलाउन पाइने छैन।

(ङ) तोकिएको समयमा कृषि एम्बुलेन्स सेवा दिन तयार हुनुपर्नेछ।

(च) कृषि एम्बुलेन्सको सरसफाइ हेर्नुपर्नेछ।

(छ) कृषि एम्बुलेन्सलाई हिफाजत साथ चलाउनु पर्नेछ।

(ज) कृषि एम्बुलेन्सलाई अनियन्त्रित गतिमा कुदाउन पाइने छैन ।

(झ) सेवाग्राही तथा कृषकहरु सँग नम्र शिष्ट ब्यावहार गर्नुपर्नेछ ।

**१०. कृषि एम्बुलेन्स सेवा ब्यबस्थापन तथा संचालन समितिको बैठक र कार्य - प्रक्रिया**

क) कृषि एम्बुलेन्स सेवा ब्यबस्थापन तथा संचालन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ साथै आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

ख) समितिको बैठक भत्ता गाउँ सभाबाट तोकिएको बमोजिम हुनेछ।

**परिच्छेद : ४**

**११. भाडा दर निर्धारण :** (क) जानकी गाउँपालिकाको कार्यालयले कृषि उपज ढुवानीको भाडा दर निम्नअनुसार निर्धारण गर्नेछ ।

| क.स. | विवरण | भाडा दर रु. |
|---|---|---|
| १. | पिच रोड (प्रति किलोमिटर) एक तर्फी भाडा दर | २०/- |
| २. | ग्राभेल रोड (प्रति किलोमिटर) एक तर्फी भाडा दर | २५/- |
| ३. | काममा खटिएका चालकको खाजा/खाना प्रति दिन खर्च रु | ६००/- |

(ख) दफा ११ को उपदफा (क) मा जेसुकै लेखिएको भएता पनि कार्यपालिकाको निर्णय अनुसार भाडा दर निर्धारण गरिनेछ ।

(ग) कृषि एम्बुलेन्स प्रयोग कर्ताले अनुसूची — ४ बमोजिमको भरपाई अनुसार राजश्व दाखिला गर्नुपर्नेछ ।

**१२. लगबुक राख्ने :** कृषि एम्बुलेन्स संचालन गरेको अनुसूची-३ बमोजिम लगबुक भरि राख्नुपर्नेछ ।

**१३. कृषि एम्बुलेन्सको प्रयोग :**

कृषि एम्बुलेन्सको प्रयोग कृषि कार्यमा मात्र प्रयोग गर्नुपर्नेछ । साथै अन्य क्षेत्रमा प्रयोग गर्नुपर्ने अवस्था आएमा सञ्चालक समितिको बैठकबाट निर्णय गराई प्रयोगमा ल्याउन सकिने छ ।

## परिच्छेद —५

**१४. अनुगमन तथा मूल्यांकन** : कृषि एम्वुलेन्सको कार्य सम्पादन पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा जानकी गाउँपालिका कार्यालयले कम्तिमा चौमासिक रुपमा अनुगमन गर्नुपर्नेछ ।

**१५. जवाफदेहिता तथा जिम्मेवारी** : कृषि एम्वुलेन्स संचालनको समष्टिगत खर्चको जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. सूचाना सम्प्रेषण** : लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरि सम्भव भएसम्म सवै किसिमका माध्यम प्रयोग गरी कार्यालयले सूचना प्रवाह गर्नुपर्नेछ ।

**१७. बाधा अडकाउ फुकाउः** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१८. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने** : कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

अनुसूची-१

निवेदनको ढाँचा

(दफा ६ को उपदफा (२) संग सम्बन्धित)

श्रीमान् प्रमूख प्रशासकीय अधिकृत ज्यू, मिति :

जानकी गाउँपालिकाको कार्यालय,

दुर्गौली, कैलाली ।

**विषय : कृषि उपज ढुवानीका लागि कृषि एम्बुलेन्स उपलब्ध गराई दिने वारे ।**

प्रस्तुत विषयमा जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. .........मा अवस्थित श्री ..................................................... कृषक/कृषि उद्यमी/कृषि सहकारी संस्था/कृषक समूह/कृषि कम्पनीले उत्पादन गरेको कृषि उपज जानकी गाउँपालिका वडा नं............, .................. देखि ......................सम्म ......................... ढुवानी गर्नुपर्ने भएकोले ................ दिनको लागि कृषि एम्बुलेन्स उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

संलग्न कागजातहरु :

१. दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

२. स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

३. संचालक समितिको बैठक निर्णयको प्रतिलिपि

४. नागरिकता प्रमाण पत्रको प्रतिलिपि

५. कृषि उपजको ढुवानी बजार योजना

अनुसूची -२

(दफा ६ को उपदफा (१०) संग सम्बन्धित)

कृषि उपजको ढुवानी बजार योजना

| क.स. | उत्पादन सामाग्रीको किसिम | बाली उत्पादन भएको स्थान | उत्पादन हुने बालीबस्तुको / नाम | बिक्रि गर्ने स्थान | बिक्रि हुने बस्तुको परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बिउ | | | | | |
| २ | बिरुवा | | | | | |
| ३ | मल | | | | | |
| ४. | मासु/मत्स्य जन्य उपज | | | | | |
| ५ | तरकारी | | | | | |
| ६ | विषादी | | | | | |
| ७ | कृषि औजारउपकरण/यन्त्र/ | | | | | |
| ८ | अन्य | | | | | |

अनुसूची -३

(दफा १२ संग सम्बन्धित)

कृषि एम्बुलेन्स चालकले भर्नुपर्ने फारम (Log Book)

| सी.न. | मिति | गएको समय र स्थान | पुगेको स्थान | पुगेको समय | फर्की आएको मिति र समय | दुरी कि.मि. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची — ४

(दफा ११को खण्ड (ग) संग सम्बन्धित)

## भाडा बुझेको भरपाई

१. कृषि उद्यमी/कृषक समूह/ सहकारीको नाम :

२. ढुवानी गरेको वाली :

३. परिमाण :

| क्र.सं. | देखि | सम्म | ग्रावेल सडक कि.मी. | | | पिच रोड कि.मी. | | | कूल रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दुरी (कि.मी.) | प्रति कि.मी. दर रु. | जम्मा रकम रु. | दुरी (कि.मी.) | प्रति कि.मी.दर रु. | जम्मा रकम रु. | |
| | | | | | | | | | |

अनुसूची-५

(दफा ६ को उपदफा (६) संग सम्बन्धित)

सम्झौता पत्र

कृषि उपज ढुवानीका लागि जानकी गाउँ कार्यपालिकाको कार्यालय र (प्रथम पक्ष भनिने) श्री ......................................कृषि उद्यमी सहकारी / फर्म / कम्पनी /कृषक समूह/ " बीच (यस पछी दोस्रो पक्ष भनिने) संस्था कृषि एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन कार्यक्रम कार्यविधि, २०८३" का अनुसार शर्तनामाको अधिनमा रही द्विपक्षीय सम्झौता गरी एक एक प्रति लियौं ।

शर्तनामाहरुः

१. यो सम्झौता, सम्झौता भएको मिति देखि लागु हुनेछ ।
२. नेपाल सरकारले जारी गरेको यातायात सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरश पालना गर्नु पर्नेछ ।
३. कृषि एम्बुलेन्स चलाउन आधिकारिक चालकले मात्र चलाउन पाउने छ र लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा गुडाउन पाइने छैन ।
४. कृषि तथा पशुपन्छी जन्य उपज ढुवानीका लागि मात्र प्रयोग गर्न पाईनेछ ।
५. सिमान्तकृत वा निम्न आय भएका कृषि उद्यमीहरुको बस्तु ढुवानी गर्न प्रथामिकता दिइनेछ ।
६. यकिन गरेको क्षेत्र भन्दा बाहिर वहान चलाउन पाइने छैन ।
७. कृषि एम्बुलेन्सको क्षमता भन्दा बढि सामाग्री ढुवानी गर्न पाइने छैन ।
८. कृषि तथा पशुजन्य उत्पादन सामाग्री ढुवानी गर्दा दोस्रो पक्षका कारण कृषि तथा पशुपन्छी उपज क्षति हुन गएको खण्डमा दोस्रो पक्ष स्वयम् जिम्मेवार हुनु पर्नेछ ।
९. सम्झौता बमोजिम काम नभएमा प्रथम पक्षलाई जरिवाना स्वरुप रु ५०००/- तिर्नुपर्ने छ ।
१०. प्रथम पक्षले कृषि एम्बुलेन्स सेवा संचालन व्यवस्थापन समितिले तोकेको शुल्क बाहेक बढी शुल्क लिन पाइने छैन ।
११. कृषि एम्बुलेन्स प्रयोग गरे वापत ग्राभेल सडकको प्रति किलोमिटर रु. .......... का दरले ........... किलोमिटरको हुनु आउने जम्मा ढुवानी रकम रु. ................ र पिच रोडको प्रति किलोमिटर रु. .......... का दरले ........... किलोमिटरको हुनु आउने जम्मा ढुवानी रकम रु. ................ गरि कुल रमक रु ......................

(अक्षेरुपी ...................................... मात्र ।) जानकी गाउँपालिकाको कार्यालय राजश्व ईकाईमा दाखिला गर्नुपर्नेछ ।

१२. कृषि एम्बुलेन्स संचालन गर्दा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।

१३. यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फवाट : | दोश्रो पक्षको तर्फवाट : |
| दस्तखतः- | दस्तखत :- |
| नाम, थर :- | कृषकको नाम, थर :- |
| पदः | सम्पर्क नं. :- |
| मिति :- | मिति :- |
| कार्यालयको छाँप : | औठा छाँप : |
| | दायाँ बायाँ |

| | |
|---|---|
| .............................. | ................................ |
| रोहवर | रोहवर |
| ............................... | ................................. |
| कृषि विकास शाखा | पशु सेवा शाखा |